आज मिति २०८३ साल असार १९ गते शुक्रवार दिनको ०५:३० बजेको समयमा मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा १९४ बमोजिम गठित केन्द्रीय समन्वय समितिबाट मिति २०७५/०५/०६ गते निर्णय भए बमोजिम गठन भएको उच्च समन्वय समिति, धनकुटाको बैठक समितिका संयोजक सहन्यायाधिवक्ता श्री शारदा राउत ज्यूको अध्यक्षतामा देहाय बमोजिमका सदस्यहरुको उपस्थितीमा बसी निम्न विषयहरुमा छलफल गरी निर्णय समेत गरियो।

उपस्थिति:

१. श्री शारदा राउत (सहन्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय, धनकुटा) -संयोजक
२. श्री रुद्रा देवी शर्मा (प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, धनकुटा)- सदस्य
३. श्री विनोद घिमिरे (प्रहरी नायव महानिरीक्षक,कोशी प्रदेश प्रहरी कार्यालय,विराटनगर)- सदस्य
४. श्री राजेन्द्र भट्टराई ( उपन्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय, धनकुटा) - सदस्य सचिव

आमन्त्रित सदस्य:

१. श्री उत्तम श्रेष्ठ (जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकील कार्यालय धनकुटा)
२. श्री शोभाकर खरेल (रजिष्ट्रार, उच्च अदालत विराटनगर, धनकुटा इजलास)
३. श्री नारायण रंजितकार, (प्रहरी उपरीक्षक, श्री जिल्ला प्रहरी कार्यालय धनकुटा)
४. श्री वुद्ध श्रेष्ठ (प्रहरी उपरीक्षक श्री नेपाल प्रहरी प्रदेश कार्यालय, धरान ) ।
५. श्री रामेश्वर बस्नेत, (प्रमुख अनुसन्धान अधिकृत, श्री राष्ट्रिय अनुसन्धान कार्यालय धनकुटा)

निर्णयहरु:

१. उच्च सरकारी वकील कार्यालय तहको यस समन्वय समितिको अघिल्लो बैठकबाट पारित भएका निर्णयहरु कार्यान्वयनको समिक्षा गरियो।

२. फौजदारी न्याय प्रणालीका विद्यमान संयुक्त संयन्त्रलाई थप प्रभावकारी एवं गतिशील बनाई फौजदारी न्याय प्रणालीमा देखिएका समस्याहरूको समाधानका लागि अनुसन्धान र अभियोजनलाई थप प्रभावकारी बनाउने सम्बन्धमा मातहत निकायहरुलाई निर्देशन दिने।

३. अनुपस्थित/फरार प्रतिवादीको हकमा नागरिकताको प्रमाणीत प्रतिलिपी, राष्ट्रिय परिचयपत्र साथै निजको घर बासस्थानको बरामदी मुचुल्का मिसिलमा संलग्न गर्ने।

४. वन मुद्दा, लागू औषध मुद्दा र अन्य मुद्दामा सवारीको सम्बन्धमा अनुसन्धान तथा अभियोजन/निर्णय गर्दा के गर्ने स्पष्ट गर्ने। (जफत, दशीमा पेश र फिर्ता)

५. लिखित जवाफ पठाउँदा २ प्रति सक्कल लिखित जवाफ अनिवार्य संलग्न गर्ने साथै अन्तिम म्यादको कम्तिमा ३ दिन अगावै यस कार्यालयमा रितपूर्वक पठाई सक्नुपर्ने तथा बहस पैरवीकर्तासँग छलफल गर्ने।

६. सि.आर.एस. सम्बन्धमा बयानपूर्व नै यकिन हुनुपर्ने।

७. पीडितको जाहेरी दरखास्त, वकपत्र तथा वयानहरु Copy Paste नगर्ने यर्थाथमा आधारित, व्यवहारिक भाषा शैलीलाई प्रयोग गरी जाहेरी तयार गरी आवश्यक कागजातहरु मिसिल संलग्न गर्ने । प्रमाणमा वुझ्नुपर्ने मान्छेहरु अनिवार्य वुझी संलग्न गर्ने तथा अनुसन्धानको बयानको क्रममा सम्भव भएसम्म अडियो भिजुअल माध्यमको प्रयोग गर्ने

८. जवरजस्ती करणी सम्बन्धी अपराध हुने फौजदारी कसुरमा सफलता हासिल गर्नका लागि वारदातमा पीडितले लेखाइएको व्यहोरामा उल्लेखित दशी प्रमाणहरु (लुगा च्यातिएको,घाउ संर्घषका चिन्हरु) अनिवार्य पेश गर्ने र जबरजस्ती करणी उद्योगको मुद्दामा यौनजन्य शारीरिक परिक्षण नगर्ने।

९. अनुसन्धानको क्रममा बरामद हुने दशीका सामानहरुको सम्बन्धमा सनाखत गर्ने कार्य अनिवार्य गर्ने ।

१०. नाबालक अपाङ, तथा वृद्धहरुको उमेर खुल्ने कागजात अनिवार्य संलग्न गर्नुपर्ने ।

११. मुद्दाको अनुसन्धानको क्रममा तयार गरिने घटनास्थल मुचुल्कामा पक्राउ अभियुक्तको सही छाप गराउने लगायतका कानूनी प्रक्रिया पुरा गर्ने सम्बन्धमा सम्बन्धित निकायलाई निर्देशन दिने।

१२. प्रत्येक नागरिकको मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्नुका साथै महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा जोखिममा रहेका वा विशेष संरक्षण गर्नु पर्ने व्यक्तिहरुको हक अधिकारलाई प्राथमिकतामा राखि मुद्दाको अनुसन्धान कार्यलाई अगाडी बढाउने ।

१३. कारागार व्यवस्थापनलाई चुस्त र दुरुस्त राख्न कारागार सुरक्षाको व्यवस्था, पेरीमिटरको सुरक्षाको उचित व्यवस्था, जोखिमका क्षेत्रहरुमा CC Camera जडानको पहल, कारागार व्यवस्थापनमा खटिने प्रहरी कर्मचारीहरुको नियमित रुपमा अदली बदली, अवैध सामाग्रीहरु (सुर्तिजन्य पदार्थ, मदिरा आदि) निषेध गर्ने, दुरुस्त रुपमा कैदी बन्दि तथा भेटघाट गर्ने व्यक्तिहरुको अभिलेख राख्ने कार्यलाई कडाईका साथ कार्यान्वयन गर्ने गराउने ।

१४. अनुसन्धानको कार्य अगाडी बढी मुद्दा फछ्र्यौट हुन बाँकी रहेका जघन्य तथा गम्भीर प्रकृतिका मुद्दाहरुमा तत्काल अनुसन्धान नगर्ने र हदम्याद सकिनु अगाडी मात्रै पुनः अनुसन्धानको प्रकृया अगाडी बढाई अनुसन्धान पूर्ण रुपले पुरा नभई अनुसन्धान प्रतिवेदन गर्ने परिपाटीको अन्त्य गर्न नियमित अनुगमन गरी मुद्दा फछ्र्यौट गर्ने तर्फ पहल गर्ने ।

१५. सरकारवादी फौजदारी मुद्दाको पीडित तथा साक्षीको सुरक्षा सरंक्षण र साक्षीहरुलाई कानूनी परामर्श दिन विशेष ध्यान दिई निजहरुको सुरक्षा संरक्षणमा प्रभावकारी कार्यान्वयन गर्न निर्देशन गर्ने ।

१६. मुद्दा अनुसन्धानका क्रममा अभियुक्तको जग्गाको विवरण माग गर्दा निजको ३ तिन पुस्ते विवरण नागरिकता नं साविक र हालको ठेगाना सहितको विवरण उल्लेख गरी माग गर्ने अनुसन्धान गर्ने निकायलाई निर्देशन दिने ।

१७. अन्तरिम क्षतिपूर्तिको दावी लिने तथा अस्पतालले मुद्दामा सम्बन्धित घाँ-जाँच प्रतिवेदन तयार गर्ने क्रममा सामान्य गम्भिर भनी उल्लेख गर्ने खण्डमा के कुन अवस्थाको घाउ चोट भएमा उल्लेख गर्ने भन्नेमा एकरुपता नभएको देखिंदा सो लाई स्पष्ट बनाउन र System generated बिल मात्र मिसिल संलग्न गराउन अस्पतालसँग आवश्यक समन्वय गर्न/गराउन जिल्ला समन्वय समितिलाई निर्देशन गर्ने ।